संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल माघ २२ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी देहाय बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८० साल माघ २२ गते सोमबारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।
>
> मिति :- २०८० माघ १० (रामचन्द्र पौडेल)

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको तेस्रो अधिवेशन सुरु भएको अवसरमा माननीय सदस्यज्यूहरुलाई स्वागत गर्नुहुँदै मुलुकलाई आवश्यक कानून निर्माण गर्ने, संसदीय गतिविधिहरुलाई थप प्रभावकारी र व्यवस्थित बनाउने प्रण गर्न जरुरी देखेको, राष्ट्रका साझा मुद्दाहरुमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको एकतालाई निरन्तरता दिनु पर्ने साथै संसदलाई प्रभावकारी, क्रियाशील र जीवन्त बनाउन चालू अधिवेशनदेखि संसदीय गतिविधि समयबद्ध सञ्चालनका लागि कार्यतालिका लागू गर्ने र विगतमा बजेटमाथिको छलफलमा उठेका टिप्पणी समेतलाई ध्यानमा राखेर जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने विश्वास रहेको समेतको व्यहोरा उल्लेख गर्नु भयो ।

तत्पश्चात, सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गऱ्यो ।

तदुपरान्त, सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त देहाय बमोजिमको पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने **UN Framework Convention on Climate Change (UNFCCC)** को २८ औं **Conference of Parties (COP28)** मा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सहभागी हुन सम्वत् २०८० साल मङ्सिर १३ गते बुधबार त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
मिति : २०८०/०८/१३ सचिव

(ख) सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू सम्वत् २०८० साल माघ ०४ गते बिहीबार असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरुको १९ औं शिखर सम्मेलनमा सहभागी हुन युगाण्डाको राजधानी कम्पालातर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
मिति : २०८०/१०/०३ सचिव

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्रहरुको देहाय बमोजिमको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङ निजी कामको शिलशिलामा सम्वत् २०८० साल कार्तिक १६ गते अष्ट्रेलिया जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/७/१६ मुख्यसचिव

(ख) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमणमा रहनुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/७/१६ मुख्यसचिव

(ग) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल चीनको सांघाईमा सञ्चालन हुने छैटौं चीन अन्तर्राष्ट्रिय आयात मेला **(Sixth China International Expo)** मा सहभागी हुन मिति २०८० कात्तिक १७ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/७/२० मुख्यसचिव

(घ) माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राई फ्रान्सको पेरिसमा आयोजना हुने युनेस्कोको ४२ औं महासभामा सहभागी हुन संवत् २०८० साल कात्तिक २० गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/७/२० मुख्यसचिव

(ङ) माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल संवत् २०८० साल कात्तिक २१ गते जनवादी गणतन्त्र चीनको भ्रमणमा जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार र माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अनुपस्थितिमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीले सम्हाल्दै आउनु भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभारसमेत सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/७/२२ मुख्यसचिव

(च) माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्रराज आचार्य अजरबैजानको बाकुमा आयोजना हुन गइरहेको **International Conference on Advancing the Rights and Empowerment of Women** सम्मेलनमा सहभागी हुन संवत् २०८० साल मङ्सिर ३ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय युवा तथा खेदकुद मन्त्री डिगबहादुर लिम्बुले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/४ मुख्यसचिव

(छ) माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङ भारतको नयाँ दिल्लीमा सञ्चालन हुने **1st Regional Conference on Access to Legal Aid: Strengthening Access to Justice in the Global South** कार्यक्रम र **Sao Paulo, Brazil** मा आयोजना हुने **Ministerial Round Table**

**of the third edition of the UNESCO Global Forum against Racism and Discriminaion** मा सहभागी हुन संवत् २०८० साल मङ्सिर १० गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री पूर्ण बहादुर खड्काले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/१० मुख्यसचिव

(ज) माननीय वन तथा वातावरण मन्त्री वीरेन्द्र प्रसाद महतो संयूक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने **UN Framework Convention On Climate Change (UNFCC)** को २८ औं **Conference of Parties (COP28)** मा सहभागी हुन संवत् २०८० साल मङ्सिर १३ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको वन तथा वातावरण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/१३ मुख्यसचिव

(झ) माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत संयूक्त अबर इमिरेट्सको दुबईमा आयोजना हुने **COP28 Health Day and Climate–Health Ministerial Meeting** मा सहभागी हुन संवत् २०८० साल मङ्सिर १५ गते त्यसतर्फ प्रस्थान गर्नुनुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउदले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/१४ मुख्यसचिव

(ञ) माननीय उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेत संयूक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने **COP28 M International Solar Alliance** सम्मेलनमा सहभागी हुन संवत् २०८० साल मङ्सिर १५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/१५ मुख्यसचिव

(ट) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद कतारको दोहामा आयोजना हुने **Doha Forum, 2023;** जेनेभामा आयोजना हुने **"Human Rights 75" High-Level Event** तथा अर्मेनियामा आयोजना हुने **LLDCs Ministerial Meeting** मा सहभागी हुन संवत् २०८० साल मङ्सिर २३ गते कतार प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/२४ मुख्यसचिव

(ठ) माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी साउदी अरेबियाको रियादमा आयोजना हुने **1st Global Labour Market Conference** मा सहभागी हुन संवत् २०८० साल मङ्सिर २५ गते साउदी अरेबियाको रियादमा प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोक कुमार राईले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/८/२६ मुख्यसचिव

(ड) माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महत भारतमा आयोजना हुने **Vibrant Gujarat Global Summit 2024** मा सहभागी हुन संवत् २०८० साल पुस २४ गते भारतको गुजराततर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/९/२४ मुख्यसचिव

(ढ) माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद युगाण्डाको राजधानी कम्पालामा आयोजना हुने असंलग्न आन्दोलनको १९ औं शिखर सम्मेलनमा सहभागी हुन संवत् २०८० साल माघ २ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(बैकुण्ठ अर्याल)
मिति : २०८०/१०/२ मुख्यसचिव

तत्पश्चात् सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित माननीय सदस्यहरुलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

१. माननीय श्री ईश्वरी देवी न्यौपाने
२. माननीय श्री कृष्ण गोपाल श्रेष्ठ
३. माननीय श्री चन्दा कार्की भण्डारी
४. माननीय श्री प्रतिक्षा तिवारी
५. माननीय श्री बिमला सुवेदी
६. माननीय श्री बुद्धिमान तामाङ्ग
७. माननीय श्री रामकृष्ण यादब

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसदका निवर्तमान महासचिव डा० भरतराज गौतमले मिति २०८०/०८/२४ देखि लागू हुने गरी पदबाट राजिनामा दिनु भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ नियम २ को खण्ड (घ) तथा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २ को खण्ड (ड) बमोजिम राष्ट्रिय सभाका अध्यक्षको परामर्शमा २०८०/०८/२७ बाट लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि संघीय संसदको महासचिवको कामकाज गर्न प्रतिनिधि सभाका सचिव श्री पद्मप्रसाद पाण्डेयलाई कार्यवाहक तोकेको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि कार्यवाहक महासचिव श्री पद्म प्रसाद पाण्डेयले राष्ट्रिय सभामा उत्पत्ति भएको "विद्युतीय व्यापार विधेयक, २०८०" र "राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, २०७९" को सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश सहितको विधेयक टेबुल गर्नु भयो ।

तत्पश्चात् माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महतले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०" पेश गर्नु भयो ।

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम सदन समक्ष पेश गर्नु भयो ।

तदनन्तर अर्को बैठक २०८० साल माघ २४ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ४:३० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
कार्यवाहक महासचिव